# वार्षिक प्रतिवेदन

## २०७२/२०७३











**MuAN**



# नेपाल नगरपालिका संघ

**नेपाल नगरपालिका संघ**
५३० पण्डोल मार्ग, लाजिम्पात
पो.ब.नं. १४२८६, काठमाडौँ
**फोनः** +९७७ १ ४४२५६९२, ४४२०५५९
**फ्याक्सः** +९७७ १ ४४१८६७१
**इमेलः** info@muannepal.org.np
**वेबः** www.muannepal.org.np

साज सज्जा र प्रिन्ट्रिङ्ग : वर्ल्ड वाईड प्रिन्टि सोलुसन, फोन : ५५५०२८९

## नगरपालिका संघको नयाँ स्थान नक्सा



# अध्यक्षको भनाई

## नेपालको वर्तमान संविधानले स्थानीय सरकारलाई २२ विशिष्ठ र १५ वटा साझा अधिकार र जिम्मेवारी प्रदान गरेको छ ।



नेपालमा दिगो शहरी विकास र विकेन्द्रित स्थानीय शासनको प्रर्वद्धनका साझेदार र सरोकारवालाहरुको लागि नेपाल नगरपालिका संघले आर्थिक वर्ष वि.सं. २०७२/०७३ को वार्षिक प्रतिवेदन प्रकाशित गर्न पाउँदा निकै खुशी लागेको छ । यस प्रतिवेदनमा गत वर्ष संघले सम्पादन गरेका विविध क्रियाकलापहरुको विवेचना गरिएको छ । यसले नेपालका शहरी सुशासनको क्षेत्रमा भईरहेका गतिविधि, प्राथमिकतका क्षेत्र, अवसर र चुनौतिहरुको झलक प्रस्तुत गर्नेछ ।

नेपालको नयाँ संविधानले स्थानीय सरकारका सम्बन्धमा गरेको व्यवस्थाले शहरी शासनको क्षेत्रमा थप काम गर्न हामीलाई प्रोत्साहित गरेको छ । नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई २२ विशिष्ठ र १५ वटा साझा अधिकार र जिम्मेवारी प्रदान गरेको छ । संवैधानिक व्यवस्था अनुसार नेपाल सरकारले स्थानीय निकाय पुन:संरचनाको कामलाई अघि बढाउनको निम्ती स्थानीय तह पुन:संरचना आयोग गठन भई हाल स्थानीय सरकारको संख्या र सीमाना निर्धारणको कार्य भईरहेको छ । उक्त आयोगले सम्बन्धित पक्षहरुसँग व्यापक छलफल र सल्लाहमा सम्भावित स्थानीय तहहरुको निर्क्यौल गर्ने प्रयास गरिरहेको कुरा अवगत गराउन चाहन्छु । हामीलाई विश्वास छ, उक्त आयोगले राजनीतिक, सामाजिक र आर्थिक रुपमा सम्भाव्य र स्वीकार्य स्थानीय सरकारहरुको गठन गर्नेछ, जुन नेपाल नगरपालिका संघको पनि चासोको विषय रहँदै आएको छ । नागरिकहरुको निर्णायक तहमा अर्थपूर्ण सहभागिताका लागि समेत स्थानीय तहको पुन: संरचना अपरिहार्य भएको छ । यसको साथै सरकारले संघीय गणतन्त्र संस्थागत गर्न यथाशिघ्र स्थानीय सरकारको चुनाव घोषणा हुने विश्वास गरेका छौं ।

अन्त्यमा, सबै साझेदारहरुको सहयोगका लागि आभार व्यक्त गर्दछौं, जसले नेपाल नगरपालिका संघ मार्फत शहरी बासिन्दाको पक्षमा प्रभावकारी र कुशलतापूर्वक शहरी सेवा प्रवाहमा सघाउ पुगेको छ । पक्कै पनि यहाँहरुको सहयोग विना संघले निर्दिष्ट सफलता हासिल गर्न सम्भव हुने थिएन । हामी साझेदार र दातृ निकायलाई हाम्रा शहरहरुलाई स्वायत्त, सम्पन्न र आत्मनिर्भर बनाउन आवश्यक सहयोगका लागि पुन:आव्हान गर्दछौं ।

डोरमणि पौडेल
**अध्यक्ष**

# भूमिका

नयाँ नगरपालिकाहरुको गठनसँगै नेपाल नगरपालिका संघको जिम्मेबारीमा उल्लेख्य वृद्धि भएको छ । यसले चुनौतिहरुसँगै अवसरहरु पनि सिर्जना गरेको कुरालाई आत्मसात गर्दै, संघले नगरपालिकाहरुको संस्थागत र मानवीय संसाधनको विकासमा सघाउ पुऱ्याउन अग्रसर रहेको छ ।



नेपाल नगरपालिका संघको संक्रमणकालीन रणनीतिक योजना (सन् २०१५-२०१७) अनुसार बहस र पैरवी, सूचना तथा संजालीकरण, प्राविधिक तथा परामर्श सहयोग तथा संस्थागत क्षमता विकास गरी चार कार्यक्षेत्रहरुलाई संघको प्राथमिकताका रुपमा पहिचान गरेको छ । उल्लेखित क्षेत्रहरुका साथै नेपालको वर्तमान संविधानको प्रभावकारी कार्यान्वयनका लागि पनि संघ प्राथमिकताका साथ लागि परेको छ । पक्कै पनि संविधानले गाउँपालिका तथा नगरपालिकाहरुलाई उल्लेख्य अधिकार र जिम्मेवारी प्रदान गरेको छ । दोस्रो प्राथमिकताका रुपमा हामी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र शहरी विकास मन्त्रालयसँगको समन्वयमा नवगठित नगरपालिकाहरुको क्षमता विकास गर्न र अन्य राष्ट्रिय, अन्तर्राष्ट्रिय साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिदै आएका छौं । तेस्रो, शहरी विकासका क्षेत्रमा आवश्यक सूचना संकलन गरी सदस्य नगरपालिकाहरु एवं सरोकारवालाहरु समक्ष प्रभावकारी ढंगले पुऱ्याउने कार्य प्राथमिकता साथ हुँदै आएको छ ।

हामी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँगको सहकार्यमा विशेषत नवगठित नगरपालिकाहरुको संस्थागत क्षमता विकासका लागि आवश्यकता पहिचानको कार्यलाई अगाडि बढाइरहेका छौं । हो, नयाँ नगरपालिकाहरुको गठनसँगै नेपाल नगरपालिका संघको जिम्मेबारीमा उल्लेख्य वृद्धि भएको छ । यसले चुनौतिहरुसँगै अवसरहरु पनि सिर्जना गरेको कुरालाई आत्मसात गर्दै, संघले नगरपालिकाहरुको संस्थागत र मानवीय संसाधनको विकासमा सघाउ पुऱ्याउन अग्रसर रहेको छ । करदाताहरुलाई प्रभावकारी र कुशलतापूर्वक सेवा प्रवाह गर्न उल्लेखित क्षेत्रहरुको विकास महत्वपूर्ण रहनेमा हामी विश्वस्त छौं । अन्त्यमा, हामी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय र साझेदार संस्थाहरु प्रति नगरपालिकाहरुका लागि विविध कार्यक्रम र क्रियाकलापहरु संचालनमा पुऱ्याउनु भएको सहयोग र सहकार्यका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं । आगामी दिनहरुमा पनि हाम्रा शहरहरु अझ प्रभाकारी सेवा दिन सक्ने आर्थिक रुपमा सबल, सक्षम र दिगो बनाउन सहकार्य गर्दै रहने छौं ।

कलानिधि देवकोटा
**कार्यकारी सचिव**

# परिचय

सन् १९९४ मा आफ्नो स्थापना कालदेखी नै नेपाल नगरपालिका संघले नेपालका सम्पूर्ण नगरपालिकाहरुको हक र हितका लागि काम गर्ने एक विश्वसीय संगठनको रुपमा स्थापित गरेको छ। पहिले स्थानीय सुशासन, विकेन्द्रीकरण र स्थानीय शासनका विभिन्न विषयमा काम गरेपनि केही वर्ष यता संघले अन्य क्षेत्रहरु जस्तै वातावरण मैत्री स्थानीय शासन, विपत् जोखिम न्यूनिकरण, बालमैत्री स्थानीय शासन, लैंगिक तथा सामाजिक समावेशीकरण, अर्ली चाइल्डहुड एजुकेशन, नगरस्तरीय खानेपानी तथा सरसफाई, सामाजिक जवाफदेहिता, फोहरमैला व्यवस्थापन आदि जस्तामा आफ्नो कार्यविस्तार गरेको छ। आर्थिक वर्ष वि.सं. २०७२/०७३ मा संघले स्थापितसंघसंस्थाहरुसँग साझेदारिता गरी विभिन्न कार्य गर्ने अवसर पाएको कारण यो वर्ष संघको लागि निकै महत्वपूर्ण साबित भयो।

संघले आफ्नो तीनवटै कार्यक्षेत्र बहस र पैरवी, सूचना तथा संजालीकरण र प्राविधिक तथा परामर्श सहयोगलाई मध्यनजर राखी विभिन्न कार्यक्रम तथा क्रियाकलापहरु सम्पन्न गऱ्यो। संघले निरन्तर रुपमा सुशासन, स्वायत्त स्थानीय सरकारको पुर्नवहाली र उच्च तथा न्यून आय भएका नगरपालिकाहरुको क्षमता तथा संस्थागत विकासका लागि सक्रिय भई पहल गरिरहेको छ। त्यसैगरी गाविस तथा जिविस महासंघसँग मिलेर संघले स्थानीय निर्वाचन तत्काल गरिनुपर्ने भनी यसलाई अभियानकै रुपमा लगेको छ। विभिन्न पुस्तक तथा प्रकाशनहरु निकाल्न तथा सम्पूर्ण शहरी क्षेत्रका साझेदारबीच सूचना आदानप्रदान गर्न पनि संघ सफल भएको छ।

यसरी नेपाल नगरपालिका संघ आफूलाई सहयोगी र प्रतिनिधिमूलक संस्था बनाउन एकदमै प्रतिवद्ध छ। यी उपलब्धिहरुका बावजुद पनि कार्यक्रमहरु कार्यान्वयन गर्दा निकै चुनौतीहरु आइपरे तापनि कार्ययोजना अनुरुप धेरै भन्दा धेरै कार्यक्रमहरु संचालन गर्न संघ सक्षम भएको छ । नगरपालिकाहरुको स्वायत्तता, सम्वृद्धि तथा आत्मनिर्भरताको लागि संघले गएको वर्ष भरी गरेको प्रयासको झलक यो वार्षिक प्रतिवेदनले दिनेछ।

## आयोग र समितिहरुमा संघको प्रतिनिधित्व

- प्रधानमन्त्रीको अध्यक्षतामा गठित विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन समिति
- स्थानीय निकाय वित्तीय आयोग
- स्थानीय विकास कोष समिति
- LGCDP राष्ट्रिय सल्लाहकार समिति
- LGAF को राष्ट्रिय सदस्य
- UEIP/IUDP को निर्देशक समिति
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान संचालक समिति (आमन्त्रित)
- नगर विकास कोष संचालक समिति (आमन्त्रित)

## सम्बन्धन र साझेदारी

- फेडरेसन अफ क्यानेडियन म्युनिसिप्यालिटी (FCM) सगँ भगिनी सम्बन्ध
- United Cities and Local Governments (UCLG-ASPAC) को कार्यसमिति सदस्य
- International Council for Local Environmental Initiatives (ICLEI) को सदस्य
- CITYNET को कार्यसमिति सदस्य
- European Union, CD Mun/GIZ, FES, The Asia Foundation (TAF), UNICEF र अन्यसँग सम्बन्ध
- गाविस राष्ट्रिय महासघं, जिविस महासघं, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निमार्ण विभाग, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, नगर विकास प्रशिक्षण केन्द्र, नगरपालिकाका क्षेत्रीय अध्ययन केन्द्रहरु र अन्यसँग साझेदारी सम्बन्ध

# कार्यक्षेत्र १ : बहस र पैरवी

स्थानीय निकायको संघमहासंघको एउटा प्रमुख कार्य भनेको स्थानीय सरकारको आवश्यकता तथा मागहरूलाई केन्द्रीय तहमा राख्नु हो । यसैलाई मध्यनजर राख्दै MuAN ले स्थानीय सरकारलाई सुदृढ तथा स्वायत्त बनाउन बहस तथा पैरवीमा जोड दिई निकै महत्वपूर्ण भूमिका खेलेको छ । स्थानीय निकायका अन्य दुई संघमहासंघ, गाविस तथा जिविस महासंघसँग मिली MuAN ले तत्काल स्थानीय निर्वाचन तथा नयाँ बन्ने संविधानमा स्थानीय सरकारको व्यवस्थाका लागि पैरवी तीव्र पारेको छ ।

## मुख्य योगदानहरू

### स्थानीय सरकारसम्बन्धी संवैधानिक व्यवस्था र नयाँ नगरपालिकाहरुको क्षमता अभिवृद्धि सम्बन्धी राष्ट्रिय अन्तरक्रिया गोष्ठी

हालै जारी भएको नेपालको संविधान २०७२ मा व्यवस्था भएको स्थानीय सरकारसम्बन्धी व्यवस्थाहरु गणतान्त्रिक नेपालको लागि नयाँ प्रावधानहरु हुन् । संविधानले नेपालमा तीन तहको सरकार र सोही अनुरुप राज्यको पुनःसंरचना हुने व्यवस्था गरेको छ । संघले CD-MUN/GIZ को सहयोगमा स्थानीय निकायहरुको अधिकारक्षेत्र सम्बन्धमा अध्ययन गरेको थियो । संघले नगरपालिकाहरुको विद्यमान अधिकारहरुको संरक्षण गर्दै उनीहरुको योजना र कार्यक्रमहरुको विकासका लागि सहकार्य गर्दै आईरहेको छ । अहिले पनि संघका सदस्य नगरपालिकाहरुको स्रोत र क्षमतामा ठूलो भिन्नता रहेको छ । यस तथ्यलाई मध्ये नजर गरी संघले नगरपालिकाहरुको अधिकारका लागि पैरवीका साथै क्षमता विकासका लागि प्राविधिक सहयोग प्रदान गर्दै आएको छ । गणतान्त्रिक नेपालको मुख्य सोच पनि स्थानीय तहमा बढी भन्दा बढी शक्ति विकेन्द्रित गर्दै प्रजातन्त्रलाई मजबुत बनाउन सघाउनु रहेको छ । त्यसैले स्थानीय स्वायत्त शासन र संवैधानिक व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सबै सरोकारवाला निकायहरुसँगको सहभागितामा व्यापक र घनिभूत छलफल गरी स्थानीय निकायहरुको सबल पक्ष, कमजोरी र चुनौतिहरुको आंकलन गरिनु पर्दछ ।



*अन्तरक्रियामा सहभागी विभिन्न नगरपालिकाका प्रतिनिधिहरु*

यसै सिलसिलामा नेपाल नगरपालिका संघले “स्थानीय सरकारसम्बन्धी संवैधानिक व्यवस्था र नयाँ नगरपालिकाहरुको क्षमता अभिवृद्धि सम्बन्धी राष्ट्रिय अन्तरक्रिया” आयोजना गऱ्यो । कार्यक्रममा स्थानीय सरकारका सम्बन्धी संवैधानिक व्यवस्थाका बारेमा प्रकास पारिएको थियो । उक्त अन्तरक्रिया कै दौरान संघले विकास गरेको नयाँ नगरपालिकाहरुको आवश्यकता पहिचान सम्बन्धी ढाँचा र नगरपालिकाहरु बीच सूचना आदानप्रदान र संजालीकरणको महत्व र क्षेत्रिय अध्ययन केन्द्रको भूमिका विषयमा अभिमुखीकरण गरिएको थियो । अन्तरक्रियामा मध्यमाञ्चल क्षेत्रिय अध्ययन केन्द्र अन्तर्गतका ३६ नगरपालिकाहरुका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

संघीय कानुन निर्माणको प्रक्रियामा रहेको अवस्थामा स्थानीय सरकारहरुको सम्बन्ध र संवैधानिक व्यवस्था कार्यान्वयन सम्बन्धी व्यवस्था हाल थाँतिरहेको छ । स्थानीय सरकारलाई न्यायिक अधिकार प्रदान गरिएता पनि न्यायिक निरुपणको ढाँचा अहिले पनि केन्द्रिकृत रहेको छ । संघ नेपालको पूर्वदेखि पश्चिमका सबै नगरपालिकाहरुको अधिकार क्षेत्र समान हुनुपर्छ भन्ने मान्यता राख्दछ, जसले सबै नगरपालिकाहरु बीच समान हैसियत र समानता कायम हुनेछ । कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल नगरपालिका संघका अध्यक्ष डोरमणि पौडेलले विद्यमान कानुनी प्रावधान र कमिकमजोरीको थप अध्ययन गरिनुपर्नेमा जोड दिनुभयो ।

नगरपालिकाहरुको आवश्यकता पहिचानलाई पूर्णता दिन संघले सम्बन्धित नगरपालिकाहरुको मागलाई विस्तृत रुपमा बुझ्ने प्रयास भएको थियो । नेपाल नगरपालिका संघले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँगको सहकार्यमा क्षेत्रिय अध्ययन केन्द्रहरु मार्फत नगरपालिकाहरुको संजालीकरणका लागि काम गरिरहे को छ । अहिले नगरपालिकाहरुले शहरी सूचनामा पहुँचका लागि नगरपालिकाहरु सम्बन्धित क्षेत्रिय अध्ययन केन्द्रको सदस्य बन्नु अनिवार्य रहेको छ । विद्यमान क्षेत्रिय अध्ययन केन्द्रहरुले नगरपालिकाहरुलाई आवश्यक सूचनाका स्रोतका साथै आपसी सम्बन्ध र संजालीकरणका माध्यमका रुपमा काम गरिरहेका छन् । संघले अन्य दुई स्थानीय निकायका संघमहासंघसँग मिलेर नेपालको संविधान २०७२ मा स्थानीय सरकारका लागि सकारात्मक व्यवस्थाहरु गराउन सफल भएको छ । संघले विभिन्न नगरपालिकाहरुसँगको छलफल र सिकाइको आधारमा नगरपालिका आवश्यकता पहिचान ढाँचामा परिमार्जन गर्दै आएको छ । परिमार्जित फारम नगरपालिकाहरुलाई इमेल मार्फत पठाउने व्यवस्था गरिएको छ । उक्त ढाँचामा उल्लेखित विवरणहरु भर्न संघले नगरपालिकाहरुलाई आवश्यक सहयोग गर्दै आएको छ । सम्बन्धित नगरपालिकाहरुबाट भरिएको आवश्यकता पहिचान फारम प्राप्त भएपछि संघले अध्ययन र विश्लेषण गरी अन्तिम रुप दिईनेछ । यसले सम्बन्धित नगरपालिकालाई आवश्यक मानव संसाधन र सांगठनिक विकास, पूर्वाधार विकास, फोहरमैला व्यवस्थापन र अन्य कार्यक्रमहरुको बारे मा महत्वपूर्ण सूचना दिनेछ ।

## नेपाल नगरपालिका संघको तेईसौं वार्षिकोत्सव र स्थानीय निकायको चुनावको अपरिहार्यता सम्बन्धी पैरवी

नेपाल नगरपालिका संघले आफ्नो तेईसौं वार्षिकोत्सव २०७२ फागुन ३० गते (सन् २०१६ मार्च १३) का दिन संघका संस्थापक सदस्यहरु, कार्यसमिति सदस्यहरु, महत्वपूर्ण साझेदारहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जीआईजेड, स्थानीय निकायहरुको सहभागितामा स्थानीय विकास प्रशिक्षण केन्द्रमा एक कार्यक्रम आयोजना गरी तेईसौं वार्षिकोत्सव मनाएको छ। कार्यक्रमको उद्घाटन प्रमुख अतिथि तत्कालिन प्रधानमन्त्री श्री के.पि. शर्मा ओलिबाट सम्पन्न भएको थियो। संघका गतिविधि, सिकाई, चुनौति र अवसरहरुको बारेमा जानकारी दिँदै संघको काममा सहकार्य र सहयोग पुऱ्याउने सबैलाई धन्यवाद ज्ञापन गर्न उक्त कार्यक्रमको आयोजना गरिएको थियो।




*वालिङ नगरपालिकालाई उत्कृष्ट नगरपालिकाको सम्मान प्रदान गर्नुहुँदै प्रधानमन्त्री*

कार्यक्रममा प्रमुख अतिथि एवम् तत्कालिन प्रधानमन्त्री के.पि. शर्मा ओलिले काठमाडौ नगरपालिकाका प्रथम मेयर जनकमान जोशीलाइ लाईफटाईम एचिभमेन्ट एवार्ड प्रदान गर्नुभयो। यसको साथै नेपाल नगरपालिका संघले विगत केही वर्षदेखि प्रदान गर्दै आएको उत्कृष्ट नगरपालिकाको सम्मान वालिङ नगरपालिकालाई हस्तान्तरण गरियो। वालिङ नगरपालिकाका कार्यकारी अधिकृत सुरथ पोखरेलले रु. एक लाख सहितको सम्मान प्रमुख अतिथिबाट ग्रहण गर्नुभयो। सहभागी नगरपालिकाहरुले भरेर पठाएको विवरणहरुको आधार मा उत्कृष्ट नगरपालिका छनौट गरिएको थियो।

सहभागीहरुलाई स्वागत गर्दै संघका महासचिव विदुर मैनालीले स्थानीय निकायहरुलाई एकताबद्ध भई अघि बढ्न अनुरोध गर्दै, एकताले बलियो स्थानीय सरकारका लागि आफ्ना माग र आवश्यकताहरु पुरा गराउन सहज हुने बताउनु भयो।

प्रमुख अतिथि एवम् तत्कालिन प्रधानमन्त्री ओलीले तेइसौं वार्षिकोत्सवको अवसरमा नेपाल नगरपालिका संघलाई हार्दिक बधाई ज्ञापन गर्नुहुँदै संघले शहरी क्षेत्रको विकासका लागि पुऱ्याएको योगदान र प्रयासहरुको सह्रानीय गर्नुभयो। उहाँले शहरी विकाससँगै ग्रामीण क्षेत्रको पनि विकास पनि जोडिएको र शहर र गाउँबीच अन्तरसम्बन्ध रहेको बताउनु भयो। प्रधानमन्त्रीले नगरपालिकाहरुमा हरित शहर र स्मार्ट शहरको अवधारणा लागु गरिनुपर्नेमा जोड दिँदै शहरहरुलाई प्रभावकारी बनाउन सम्बन्धित पक्षहरु क्रियाशिल हुनुपर्नेमा जोड दिनुभयो।

## स्थानीय निकाय पुनःसंरचना विषयक अन्तरक्रिया

नेपाल सरकारले नेपालको संविधान २०७२ को धारा ५६ को दफा ४ र ५ अनुसार गाउँ, नगर, विशेष, संरक्षित र स्वायत्त स्थानीय निकायहरुको सीमा र संख्या निर्धारण गर्न उच्चस्तरीय स्थानीय निकाय पुनःसंरचना आयोग गठन गरेको छ। आयोगले सरकारले तोकेको मापदण्डको आधारमा गाउँ, नगरपालिका र विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमा निर्धारण गर्ने छ भने प्रादेसिक सीमाको हकमा आवश्यक सुझाव समेत दिनसक्ने छ।

स्थानीय निकाय पुनःसंरचनामा समेत सघाउ पुऱ्याउने र पुनःस्ंरचनाका लागि विज्ञ, सरोकारवाला, राजनीतिक पार्टी समेतको सुझाव र अवधारणा बुझ्ने उद्देश्यले CD Mun Project/ GIZ को सहयोगमा नेपाल नगरपालिका संघले २०७३ जेठ ३२ गते (सन् २०१६ जुन १४) काठमाडौंमा "स्थानीय निकाय पुनःसंरचना" विषयक अन्तरक्रियाको आयोजना गऱ्यो। संघका अध्यक्ष तथा स्थानीय निकाय पुनःसंरचना आयोगका सदस्य डोरमणि पौडेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथि आयोगका अध्यक्ष बालानन्द पौडेल हुनुहुन्थ्यो। कार्यक्रममा स्थानीय निकाय पुनःसंरचना आयोगका सदस्य, सांसद, विकेन्द्रीकरण र कानुनका विशेषज्ञ, नेपाल बार एसोसिएसनका कार्यसमिति सदस्य, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका प्रतिनिधि, गाविस राष्ट्रिय महासंघका प्रतिनिधि, जिविस महासंघका प्रतिनिधि, नेपाल नगरपालिका संघका कार्यसमिति सदस्यका साथै अन्य सरोकार वालाहरुको सहभागिता रहेको थियो।

कार्यक्रमको पहिलो कार्यपत्र प्रस्तुत गर्दै आयोगका सदस्य सचिव देविप्रसाद सुवेदीले प्रस्तावित पुनःसंरचना सर्वसाधारण नागरिकको शासनमा सहज, प्रभावकारी र तार्किक पहुँच स्थापित गर्न भईरहेको बताउनु भयो। उहाँले संघीय प्रदेशहरुको शक्ति गाउँ र शहरसम्म सही ढंगले पुऱ्याउने अवधारणा र



माध्यम प्रस्तावित गर्ने क्षेत्राधिकार सहित आयोगको गठन भएको जानकारी दिनुभयो ।

जिविस महासंघका प्रवक्ता कृष्णप्रसाद जैसीले तीनवटै स्थानीय निकाय संघ/महासंघहरुको स्थानीय निकाय पुन:संरचनाका चासोहरु प्रस्तुत गर्नुभएको थियो । नेपाल नगरपालिका संघले गाविस तथा जिविस महासंघसँगको गहन छलफलको आधारमा स्थानीय निकाय पुन:संरचना गर्दा जनघनत्वलाई विशेष ध्यान दिन सुझाएको थियो । प्रवक्ता जैसीले भौगिलिक सीमा निर्धारण गर्दा हिमाल, पहाड र तराईमा फरक मापदण्ड अपनाइनु पर्नेमा जोड दिनुभयो । उहाँले अन्य संघीय मुलुकहरुले अपनाइए आएको स्थानीय निकाय पुन: संरचनाको अनुभव र उदाहरणलाई समेत ध्यान दिन आग्रह गर्नुभयो ।

कार्यक्रमका सहभागीहरुले ठूलो भौगोलिक सीमा निर्धारण हुँदा स्थानीय बासिन्दाको दैनिक सेवासुविधामा पहुँच कठिन हुने कुरा औंल्याएका थिए । त्यसकारण पुन:संरचना गर्दा ठूला इकाईहरु भन्दा सम्भाव्य साना इकाईहरुलाई प्राथमिक्ता दिनुपर्नेमा जोड दिनुपर्नेमा बताइएको थियो । आमन्त्रित विज्ञहरुले स्थानीय निकायहरुको संख्या र सीमा निर्धारण गर्दा आपसी सदभाव र सहयोगलाई समेत ध्यान दिईनुपर्ने औंल्याएका थिए । उहाँहरुले स्थानीय सरकारको नैसर्गिक अधिकारहरु स्पष्ट पारिनुपर्नेमा जोड दिँदै अन्यथा स्थानीय निकायहरु कमजोर सावित हुने उल्लेख गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि एवम् स्थानीय निकाय पुन:संरचना आयोगका अध्यक्ष बालानन्द पौडेलले आयोगले गतिशिल स्थानीय इकाईहरुको सम्बन्धमा कार्यसूची बनाईरहेको सम्बन्धमा सम्बन्धित पक्षहरुबाट मागनिर्देश र सुझावहरुको स्वागत गर्नुभयो । नेपाल नगरपालिका संघका अध्यक्ष एवम् आयोगका सदस्य डोरमणि पौडेलले अन्तरक्रियाको समापन गर्नु हुँदै सक्रिय सहभागिताका लागि धन्यवाद व्यक्त गर्नुभयो । उहाँले संविधानले स्वायत्त स्थानीय सरकारको अवधारणा अघि सारेको उल्लेख गर्नुहुँदै संघीय कानुनमा स्थानीय सरकारलाई शक्ति पृथकीकरण गर्दा जोखिम समेत रहने बताउनु भयो । उहाँले स्थानीय सरकारहरुको स्वायत्ततालाई कानुनी प्रक्रिया अनुसार नै सुदृढीकरण गर्दै जानुपर्ने बताउनु भयो । स्थानीय निकायको पुन:संरचनाको वर्तमान समयमा नै स्वायत्त र प्रभावकारी स्थानीय सरकारका इकाईहरुको आधार तयार गरिनु उपयुक्त हुने सुझाउनु भयो ।

# कार्यक्षेत्र २ : सूचना तथा संजालीकरण

सम्पूर्ण नगरपालिकाहरु र शहरी सरोकारवालाहरु माझ भरपर्दो र गतिशिल सञ्चार तथा सूचनाको आदानप्रदानलाई बढवा दिँदै त्यसमा सहजीकरण गर्न नेपाल नगरपालिका संघले सूचना तथा सञ्जालीकरणलाई दोस्रो मुख्य कार्यक्षेत्रको रुपमा लिएको छ । संघको शहरी स्रोत केन्द्र शहरी विकास र स्थानीय सरकारसँग सम्बन्धित विषयवस्तुहरुको अध्ययनका लागि भरपर्दो थलोको रुपमा स्थापित भएको छ । यसको साथै संघले सूचना आदानप्रदानका लागि प्रकासित हुँदै आएको 'शहरको आवाज/VOC' लाई निरन्तरता दिँदै आएको छ भने मासिक ई-बुलेटिन वितरण र वेबसाईटको नियमित अपडेट गर्दै आएको छ ।

## मुख्य योगदानहरू

### नेपाल नगरपालिका संघको नियमित प्रकासनहरू




क) **डायरी** - जानकारीमूलक डायरीमा न्यूनतम शर्त तथा कार्यसम्पादन मूल्यांकनको नतिजा सहित महत्वपूर्ण निकायहरुको सम्पर्क नम्बर तथा टिपोट समावेश हुन्छ ।

ख) **क्यालेण्डर** - सबै नगरपालिकाहरुको सम्पर्क ठेगाना, शहरी विकासको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुको जानकारी समावेश गरी वार्षिक रुपमा क्यालेण्डर प्रकासन गरिँदै आएको छ ।

ग) **शहरको आवाज** - यो शहरी विषयवस्तु समेटिएको एक मात्र त्रैमासिक पत्रिका हो । यसको ५० प्रतिशत खर्च CD Mun Project GIZ ले व्योहोरेको छ ।

घ) **मासिक ई-बुलेटिन** - सिटिनेट राष्ट्रिय च्याप्टर नेपालसँगको सहकार्यमा मासिक प्रकासित हुने ई-बुलेटिन, इमेल र वेबसाइटबाट वितरण गरिन्छ ।

ङ) **वार्षिक प्रतिवेदन** - संघले आफ्नो वार्षिक गतिविधिलाई समेटर वार्षिक प्रतिवेदन प्रकासन तथा वितरण गर्दै आएको छ ।

च) **अध्ययन तथा आयोजना/कार्यक्रम** सम्बन्धी प्रतिवेदनहरु ।

### नगरपालिकाहरुको अध्यावधिक तथ्यांक भण्डार

नेपाल सरकारबाट २०७२ मंसिरमा थप २६ नयाँ नगरपालिका घोषणासँगै नेपालमा नगरपालिकाहरुको संख्या २१७ पुगेको छ । हालै घोषित र विद्यमान नगरपालिकाहरुको बारेमा समेत निकै कम जानकारी हुनुको साथै पुराना ५८ नगरपालिकाहरुको तथ्यांक समेत अध्यावधिक हुनसकिरहे को थिएन । वेबसाईटमा उपलब्ध सूचना तथा जानकारीहरुले नगरपालिकाहरुको वास्तविक्ता चित्रण गर्न सकिरहेको थिएन । त्यसकारण नेपाल नगरपालिका संघले नगरपालिकाहरुको

जनसंख्या, भौगोलिक क्षेत्र, जनघनत्व, वडाहरुको संख्या, कार्यकारी अधिकृतको सम्पर्क ठेगाना र नम्बर सहितको सही तथ्यांकको आवश्यकत्ता बोध गरी सूचना तथा संजालीकरण कार्य अन्तर्गत नगरपालिकाहरुको विद्युतीय तथ्यांक भण्डार तयार गरेको छ। आवश्यक तथ्यांक संकलनको लागि सम्बन्धित नगरपालिकाहरुका साथै केन्द्रिय तथ्यांक विभागको जनसंख्या सर्वेक्षणको नतिजालाई आधार बनाइएको छ। अध्यावधिक तथ्यांक संघको वेबसाईट र सम्बन्धित सरोकारवाला निकायहरुलाई आवश्यकताको आधारमा उपलब्ध गराईदै आएको छ। यसले सम्बन्धित निकाय तथा सरोकारवालाहरुको नगरपालिका सम्बन्धी सूचनामा पहुँच सहज भएको छ भने नयाँ नगरपालिकाहरुको अध्यावधिक विवरण तयार गर्न मदत पुगेको छ।

## नगरपालिकाहरुलाई सूचना तथा सञ्चार प्रविधि सहायता कार्यक्रम

नेपाल नगरपालिका संघले यस आर्थिक वर्षमा साँखु नगरपालिकालाई सूचना, सञ्चार र प्रविधि सम्बन्धी सहयोग उपलब्ध गराएको छ। विगत पाँच वर्षदेखि संघले नयाँ तथा कमजोर नगरपालिकाहरुलाई सूचना प्रविधि क्षमता विकासमा सघाउँदै आएको छ। यसले नगरपालिकाहरुको सूचना तथा सञ्चारमा पहुँचमा सघाउ पुगेको छ। यसको साथै संघले प्रत्येक नगरपालिकामा सूचना केन्द्रको स्थापना तथा सञ्चालनको पहल गरिरहेको छ। यस आर्थिक वर्षमा साँखु नगरपालिकालाई बिद्युत आपुर्तिमा समस्या भएको अवस्थामा समेत काम सम्पादन गर्न पुऱ्याउन इन्भर्टर सहितको पावर ब्याकअप प्रदान गरिएको थियो। २०७३ बैशाख १२ गतेको भूँईचालोले साँखुको ठूलो क्षति पुगेको अवस्थामा संघका कार्यकारी सचिव कलानिधि देवकोटाले साँखु नगरपालिका कार्यालयलाई उक्त इन्भर्टर हस्तान्तरण गर्नुभयो। नगरपालिकाका प्रतिनिधिले स्थानीय जनप्रतिनिधि नभएको अवस्थामा समेत संघले नगरपालिकाहरुलाई नियमित सहयोगको पुऱ्याउँदै आएकोमा धन्यवाद व्यक्त गर्नुभयो। त्यस्तै गरि दोलखाको भिमेश्वर नगरपालिकालाई पनि इन्भर्टर सहितको पावर ब्याकअप हस्तान्तरण गरिएको छ।



*साँखु नगरपालिकालाई ईन्भर्टर हस्तातरण गरिदैं*

## आवश्यकता पहिचान फारमलाई अध्यावधिक

नगरपालिकाहरुको संख्या बढेसँगै तिनका आवश्यकताहरुमा सघाउ पुऱ्याउन नेपाल नगरपालिका संघले आवश्यकता पहिचानका लागि व्यवस्थित प्रश्नावली तयार गरेर अध्ययनलाई अगाडि बढाएको छ। पहिलो चरणमा किर्तिपुर, दक्षिणकाली, शंखरापुर, दशरथचन्द तथा लिवाङ नगरपालिकामा यसको प्रश्नावलीको परिक्षण गरिएको थियो। नगरपालिकाको गठनसँगै नगरवासीहरुले सयममा नै सेवा सुविधा, उपयुक्त पूर्वाधार र स्रोतको माग हुनथाल्छ। हाल नेपालमा २१७ नगरपालिकाहरु छन्, यसमध्ये १५९ नगरपालिकाहरुलाई सरकारले उदाउँदो शहरको रुपमा घोषणा गरेको छ। विशेषगरी नवगठित नगरपालिकाहरुको आवश्यकता निकै बढिरहेको छ। नगरपालिकाहरुले फोहरमैला व्यवस्थापन, आन्तरिक स्रोत परिचालन, खानेपानी तथा सरसफाइ, सामाजिक सुरक्षामा सहयोग, उर्जाका स्रोतहरुका साथै महिला तथा बालबालिकाहरुका लागि विशेष कार्यक्रमको आवश्यकतामा औंल्याएका छन्। प्रारम्भिक आवश्यकता पहिचान अध्ययनले नगरपालिकाहरुको क्षमता विकास विशेषगरी सूचना प्रविधि र कम्प्युटर, आन्तरिक स्रोत परिचालन, संजालीकरण र आयोजना विकास, र प्रोफाइलको तयारीमा सहयोग आवश्यक रहेको देखिएको छ। संघले आगामी वर्ष नगरपालिकाहरुको आवश्यकता पहिचान सम्बन्धी अध्ययनलाई सम्पन्न गरी प्रतिवेदन तयार गर्नेछ, यसले नगरपालिकाहरुको क्षमता विकास र कार्यक्रम संचालनको लागि आधारको काम गर्नेछ।

## संघद्वारा LOGIN एसिया नेपाल च्याप्टर सञ्चालन

LOGIN स्थानीय शासन र संजालीकरणको लागि दक्षिण-पूर्वी एसिया केन्द्रित बहुपक्षिय संजाल हो। यसले विकेन्द्रिकरण र स्थानीय सरकारहरुको भूमिकालाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ। सन् २०१६ को लागि नेपाल नगरपालिका संघ LOGIN को राष्ट्रिय च्याप्टर सम्हालेको छ। एसियाका एघार मुलुकमा फैलिएको यस संजालको सचिवालय स्वीस विकास सहयोगको नयाँदिल्लीमा अवस्थित रहेको छ। सचिवालय तथा संजालको लागि हाल स्वीस विकास सहयोगले सहयोग गरिरहेको छ। सचिवालयले संजालको कार्यान्वयन ईकाइको रुपमा काम गर्नुका साथै संजालको तर्फबाट तेस्रो पक्षसँग समन्वय र सहकार्य समेत गर्दछ।

नेपालबाट संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जिविस महासंघ नेपाल, कोम्याट (COMAT), नेपाल नगरपालिका संघ, गाविस राष्ट्रिय महासंघ नेपाल, त्रिभुवन विश्वविद्यालयको ग्रामीण विकास विभाग LOGIN का सदस्य रहेका छन्। LOGIN को राष्ट्रिय च्याप्टरको सञ्चालन सन् २०१४ मार्चदेखि २०१५ डिसेम्वरसम्म कोम्याटले गरेको थियो भने डिसेम्बर २०१५ मा सम्पन्न राष्ट्रिय च्याप्टरको बैठकले सर्वसम्मत रुपमा सन् २०१६ को लागि संजाललाई नेपाल नगरपालिका संघले सम्हालने निर्णय भएको थियो। LOGIN को राष्ट्रिय च्याप्टरको सञ्चालक संस्थाको रुपमा संघले संजालको राष्ट्रिय सचिवालय र सहजकर्ताको रुपमा निम्न कार्यहरु गर्नेछ :

क) LOGIN को राष्ट्रिय च्याप्टर मार्फत् सदस्यहरु माझ ज्ञानको व्यवस्थापन गर्ने, अभिलेखन गर्ने, च्याप्टरको कामहरुलाई संस्थागत गर्ने र सदस्यतालाई विस्तार गर्ने,

ख) सदस्य संस्थाहरुसँग सूचना आदान प्रदानका साथै समन्वय र सहकार्यमा LOGIN राष्ट्रिय च्याप्टरलाई गतिशिल बनाउने,

ग) LOGIN नेपाल च्याप्टर संचालनका लागि आवश्यक भौतिक तथा अन्य सहयोग प्रदान गर्नु,

घ) LOGIN को राष्ट्रिय सहजकर्ता मार्फत् मासिक बैठक सञ्चालनको समन्वय गर्ने,

ङ) सन् २०१६ मा संजालका गतिविधि बढाउन कार्यक्रमको विकास तथा सिकाईलाई व्यवस्थित गर्ने प्रक्रिया अगाडि बढाउने ।

# कार्यक्षेत्र ३ः प्राविधिक तथा परामर्श सहयोग

तेस्रो कार्यक्षेत्र प्राविधिक तथा परामर्श सहयोग अन्तर्गत संघले सदस्य नगरपालिकाहरुलाई नमुना परियोजना, क्षमता विकास र तालिम, अध्ययन भ्रमण जस्ता क्रियाकलापबाट सघाईरहेको छ । संघले नगरपालिकाहरुको हितका लागि विभिन्न कार्यक्रम संचालन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र दातृ निकायहरुसँग समन्वय गर्दै आएको छ ।

## मुख्य योगदानहरू

### नेपालका नगरपालिकाहरूमा बालमैत्री स्थानीय शासन कार्यान्वयन सहयोग

बालमैत्री स्थानीय शासनः राष्ट्रि रणनीति २०६८, बालमैत्री स्थानीय शासनः कार्यान्वय मार्गनिर्देश २०६८ र बालमैत्री स्थानीय शासन नीति २०६९अनुरुप नगरपालिकाहरुमा बालमैत्री शासनका सिद्धान्त अनुसारका दायित्व निर्वाह गर्न सघाउने उद्देश्यले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँगको निकट समन्वयमा नेपाल नगरपालिका संघ र युनिसेफले सन् २०१४ देखि सहकार्य गर्दै आएको आयोजना सन् २०१५ डिसेम्बरमा सम्पन्न भएको छ ।



*बालमैत्री स्थानीय शासन परियोजना अर्न्तगत राष्ट्रिय फोटो प्रतिस्पर्धा कार्यक्रमको एक झलक*

यस आयोजना अन्तर्गत सम्पन्न उल्लेखनिय र उदाहरणीय क्रियाकलापहरुले नगरपालिकाहरुलाई बालविकासमा ध्यानदिन घच्घच्याएको छ । नतिजास्वरुप बालबालिकाहरुको विकास सामाजिक विकासको एउटा अभिन्न अंगको रुपमा स्वीकार्न थालिएको छ भने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले बालमैत्री स्थानीय शासनलाई नगरपालिकाहरुको कार्यसम्पादन मूल्यांकनको एउटा सूचकको रुपमा समावेश गरेको छ । त्यसकारण, बालमैत्री स्थानीय शासन बाल विकासका आयामहरु जीवननिर्वाह, विकास र संरक्षणको सुनिश्चित गर्ने सुशासनको माध्यमको रुपमा अंगिकार गरिएको छ । मन्त्रालय नगरपालिकाहरुमा बालमैत्री स्थानीय शासन लागु गर्न प्रतिवद्ध रहेको छ । वास्तवमा बालमैत्री स्थानीय शासनलाई संस्थागत गर्न नगरपालिका उपयक्त संस्था हुनसक्छ ।

यस आयोजना अन्तर्गत निम्न क्रियाकलाप सम्पन्न गरिएका छन् :

- नगरपालिकाहरुमा बालमैत्री स्थानीय शासन घोषणा कार्यशाला
- नगरपालिका सन्दर्भमा बालबालिकाहरुको अवधारणा दर्साउने एकदिने फोटो प्रतिस्पर्धा
- नगरपालिकाहरुमा बालमैत्री स्थानीय शासनको अवस्थाको लेखापरिक्षण
- बालमैत्री पूर्वाधारका लागि स्रोत परिचालन सम्बन्धी सरोकारवालाहरुको बैठक
- बालमैत्री स्थानीय शासननीति विषयक छलफल र राष्ट्रिय फोटो प्रतिस्पर्धा
- बालमैत्री स्थानीय शासन र लक्षित समुह अनुदान कार्यक्रमको खर्च तथा नगरपालिका वित्तीय व्यवस्थापन तालिम





उपरोक्त क्रियाकलापहरु मार्फत नेपाल नगरपालिका संघले सम्बन्धित नगरपालिकाहरुसँगको समन्वयमा नगरपालिकाहरुको सेवासुविधाका माग पक्षहरु मूलतः बालबालिका, युवा, महिला र किशोरकिशोरीहरुको सहभागितालाई सुनिश्चित गरिएको छ । यसका लागि सहभागितामूलक अन्तरक्रिया र छलफलहरु सम्पन्न गरिएको थियो । यस आयोजना अन्तर्गत सम्पन्न अन्तरक्रिया कार्यशालाहरुमा नगर शासनमा सहभागिताको अवस्थाको लेखाजोखा गर्दै नगरपालिकाहरुलाई बालमैत्री शहरको रुपमा घोषणा गर्न सम्बन्धित सरोकारवालाहरुसँग आवश्यक सहयोग परिचालन गर्ने आमसहमति कायम गरिएको थियो । यसको साथै संघले बालमैत्री स्थानीय शासन कार्यक्रमको आयव्ययको अवस्था विश्लेषण गर्दै प्रभावकारी कार्यक्रम कार्यान्वयनका लागि सहयोग

पुऱ्याएको थियो । सिकाइ आदानप्रदान तथा क्षमता अभिवृद्धिका लागि संघले अनुदान र बालमैत्री स्थानीय शासनको नगरपालिका वित्तीय व्यवस्थापन तालिम आयोजना गरेको थियो । उक्त तालिममा सम्बन्धित नगरपालिकाहरुका वित्तीय व्यवस्थापनसँग सम्बन्धित कर्मचारीहरुको सहभागिता रहेको थियो ।




*बालमैत्री स्थानीय शासन तथा लक्षित समूहको विकास कार्यक्रमको अनुदान खर्च अन्तर्गतको वित्तिय व्यवस्थापन सम्बन्धी तालिममा आफ्ना भनाई राख्दै सचिव श्री माधव प्रसाद रेग्मी*

## शिक्षकहरुको लागि विपद् जोखिम न्यूनीकरण शिक्षा र सचेतना तालिम र समिक्षा गोष्ठी

२०७२ बैशाख १२ गतेको महाभूकम्प पश्चात् सिटिनेट योकोहामा (CITYNET Yokohama) र नेपाल नगरपालिका संघको सहकार्य एवम् टोसिवा फाउन्डेसन (Toshiba Foundation) र प्लस आर्ट (जापान) (Plus Art-Japan) सहयोगमा भूकम्प प्रभावित नगरपालिकाहरुका विद्यालय शिक्षकहरुका लागि तीन दिने विपद् जोखिम न्यूनीकरण शिक्षा र सचेतना तालिम आयोजना गरियो । भूकम्पले अत्तालिएका विद्यार्थीहरुसम्म शिक्षकहरु मार्फत पुगेर विपद् जोखिम न्यूनीकरणमा सघाउने उद्देश्यले तालिमको आयोजना गरिएको थियो । बालबालिकाहरुलाई विपद्को अवस्थामा सुरक्षित हुन र जोखिम न्यूनीकरणका उपायहरु सम्बन्धी सचेतना बढाउन उनीहरुका शिक्षकहरुलाई विपद् जोखिम न्यूनीकरण शिक्षा, सचेतना, ज्ञान र सूचना विषयमा प्रशिक्षण दिईएको थियो । सन् २०१५ अगस्ट १३ देखि १५ तारिखसम्म ललितपुरको होटल हिमालयमा आयोजित तालिममा काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, भक्तपुर नगरपालिका र शंखरापुर नगरपालिकाका विभिन्न विद्यालयका १६ शिक्षक शिक्षिकाको सहभागिता रहेको थियो ।

तालिममा सहभागीहरुलाई विपद् जोखिम न्यूनीकरण विशेषगरी भूकम्पको अवस्थामा आवश्यक सीप सिकाइएको थियो । जापानमा भूकम्पको पूर्वतयारी र सुरक्षाका उपायहरु सम्बन्धमा उदाहरण प्रस्तुत गरिएको थियो । यस्तै नेपालमा विपद् जोखिम न्यूनीकरण सम्बन्धमा भूकम्प प्रविधि राष्ट्रिय समाज - नेपाल (NSET) का प्रतिनिधिले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्लस आर्ट जापानका अध्यक्ष हिरोकाजु नागाताले भ्यागुते रिले (Frog Caravan) को सैद्धान्तिक र व्यवहारिक ज्ञान बाँड्नु हुँदै प्लस आर्ट र जापानमा विपद् शिक्षा विषयमा सत्र संचालन गर्नुभएको थियो । सिकाइको सहजताका लागि प्लस आर्टले भूकम्पीय अवस्थाको अभ्यास, कागजी सामग्रीको तयारी, प्राथमिक उपचार, आपत्कालीन सामग्री, बेड स्ट्रेचर अभ्यास, क्याटफिस खेल र भूकम्प सम्बन्धी क्विज जस्ता विपद् जोखिम न्यूनीकरणका औजारहरुको प्रयोग गरेको थियो । मित्र प्राथमिक विद्यालय, चाकुपाट, ललितपुरमा गरिएको प्रदशर्नीमा विद्यार्थी र अभिभावकहरुको समेत उपस्थिति रहे को थियो । तालिमको दौरान प्राप्त विपद् जोखिम न्यूनीकरण सम्बन्धी ज्ञानलाई सहभागी शिक्षकहरुले स्थानीय परिस्थिति अनुरुप ढालेर प्रस्तुति तथा प्रसार गरेका थिए ।

तालिमको सिकाईको समिक्षा गर्न सन् २०१६ मार्च २४ तारिखका दिन होटल हिमालयमा एक दिने विद्यालयमा विपद् जोखिम न्यूनीकरण शिक्षा र सचेतना समिक्षा गोष्ठिको आयोजना गरियो । समिक्षा गोष्ठिमा विगतको तालिममा सहभागी शिक्षकशिक्षिकाहरुले विपद् जोखिम न्यूनीकरणका विषयमा तालिममा सिकेका ज्ञानको आफ्नो विद्यालयमा व्यवहारिक प्रयोगबाट प्राप्त अनुभवहरुका प्रस्तुति गरेका थिए । सहभागीहरुको भनाइमा बासु उच्च मावि, भक्तपुरका विद्यार्थीहरुले कार्ड खेल र अभ्यास मन पराएका थिए । अरुणोदय निम्न माविका शिक्षकले अन्य शिक्षक समेतको सहयोगमा स्थानीय परिस्थिति सुहाउँदो कार्ड गेमको विकास गरेका थिए । यस्तै मित्र प्राथमिक विद्यालयले विपद् पूर्वतयारी विषयमा चित्रकला प्रतिस्पर्धाको आयोजना गरेको थियो । त्रि-पद्म माध्यामिक विद्यालयले विद्यार्थीहरुको भूकम्पीय विपद् सम्बन्धी अनुभव सँगालेर एउटा पुस्तिका तयार गरेको छ । शिक्षकहरुको अनुभवमा विद्यार्थीहरु व्यवहारिक क्रियाकलापबाट छिटो सिक्छन् र सिक्न मनपराउँछन् ।



*विपद् जोखिम न्युनिकरणबारे विज्ञसँग जानकारी लिदै शिक्षक तथा शिक्षिकाहरु*



*तालिमप्राप्त शिक्षकशिक्षिकाद्वारा तयार पारेको स्थानीय परिपस्थिति सुहाँउदो कार्ड गेम*

## उच्च र न्यून राजश्व आय संकलक गर्ने नगरपालिकाहरु बीच अन्तरक्रिया

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय सरकारलाई जवाफदेहिता र सामाजिक समावेशिताको सुनिश्चितता सहित स्वयत्त रुपमा कार्यक्रम संचालन गर्ने, प्रभावकारी र उपलब्धीमूलक सेवा प्रवाह गर्ने, स्रोतको व्यवस्थापन गर्ने अधिकार तथा दायित्वका प्रदान गरेको छ ।स्थानीय विकासका लागि आन्तरिक स्रोत संकलन एउटा मुख्य शर्त हो, तर पनि कतिपय स्थानीय निकायहरु यसमा निकै कमजोर देखिएका छन् । हुनत: सबै नगरपालिकाहरुले आन्तरिक स्रोत परिचालनलाई प्राथमिक्ता साथ अगाडि बढाएका छन् र त्यसको जिम्मेवारी पनि महसुस गरी सक्दो प्रयास गरिरहेका छन् तर नगरपालिकाहरुको फरक क्षमताका कारण प्रत्येक नगरपालिकाको स्रोत परिचालनको अवस्था फरक रहेको छ ।

नगरपालिकाहरुको छाता संस्था भएको नाताले नेपाल नगरपालिका संघले नगरपालिकाहरुलाई समस्याको बारेमा आवाज उठाउन र आन्तरिक स्रोत परिचालनका सम्बन्धमा अनुभव तथा सिकाई आदानप्रदान गर्न हेटौंडा र पोखरामा दुई दिने कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा उच्च र न्यून आन्तरिक स्रोत परिचालन गर्ने नगरपालिकाका ३० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरुले आन्तरिक राजश्व परिचालनमा सफलताका कथा, चुनौति र कमजोरीका विषयमा अनुभव आदानप्रदान गरेका थिए । नेपाल नगरपालिका संघका महासचिव विदुर मैनालिको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव डा. हरि पौडेल र शाखा अधिकृत आनन्दराम विष्टले स्थानीय निकायले आन्तरिक स्रोत परिचालनका लागि अपनाउन सकिने उपाय र रणनीतिका विषयमा बोल्नु भएको थियो । उहाँहरुले स्थानीय विकासका लागि आन्तरिक स्रोतको भूमिका निकै महत्वपूर्ण हुने कुरामा जोड दिँदै नगरपालिकाहरुलाई त्यसमा कटिबद्ध भएर लाग्न प्रोत्साहन र अभिप्रेरित गर्नुभयो ।

## स्थानीय शासन जवाफदेहिता संयन्त्र सञ्चालन भएका जिल्लाहरुको अनुगमन

नेपाल नगरपालिका संघले स्थानीय शासन जवाफदेहिता संयन्त्र (LGAF) कार्यान्वयनमा ल्याएका जिल्लाहरुको अनुगमनका लागि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सचिवालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (LGCDP/MOFALD) सँगको साझेदारीलाई निरन्तरता दिएको छ । आर्थिक वर्ष २०७२/७३ मा नेपाल नगरपालिका संघले स्थानीय शासन जवाफदेहिता ढाँचा लागुभएका ६६ मध्ये २२ जिल्लामा नागरिक मञ्चको अनुगमन गर्ने सम्झौता गरेको थियो । LGAF कार्यान्वय भएका नगरपालिका वा जिल्लामा नागरिक मञ्चले सम्पादन गरेका कार्यक्रमहरुको उपलब्धी अनुगमन गर्नु नै कार्यक्रमको उद्देश्य रहेको छ ।

नेपाल नगरपालिका संघले आ.व. २०७२/०७३ को लागि ताप्लेजुङ, पाँचथर, इलाम, झापा, बारा, पर्सा, मकवानपुर, धादिङ, काभ्रे, भक्तपुर, नुवाकोट, रसुवा, कास्की, तनहुँ, म्याग्दी, बाग्लुङ, रुकुम, रोल्पा, दाङ, मुगु र जुम्लाको अनुगमन गरेको थियो । अनुगमनका क्रममा भएको छलफलमा वडा नागरिक मञ्च र नागरिक सचेतना मञ्चका सदस्यहरुले बताए अनुसार कार्यक्रम कार्यान्वयन पश्चात् स्थानीय बासिन्दाहरुको स्थानीय निकायहरुको क्रियाकलापमा चासो निकै बढेको छ । कार्यक्रम लागु भएका नगरपालिका र जिविसले सार्वजनिक सुनुवाईका लागि नागरिक मञ्चसँग समन्वय र सहकार्य गर्न थालेका छन् । जिल्ला र स्थानीय निकायहरुलेनागरिक मञ्चको भूमिकालाई महत्व दिन थालेका छन् । LGAF ले गर्दा नै एकातिर स्थानीय निकायहरुनागरिकहरु प्रति पारदर्शिता र जवाफदेहिता हुन थालेका छन् भने अर्कोतिर समुदायको सरकारी सेवामा पहुँच सहज बन्दै गएको छ । यसको साथै स्थानीय निकायहरुले आफ्नो सेवा-सुविधामा सुधार ल्याउने अवसर पाएका छन् । तर निर्वाचित जनप्रतिनिधि नभएको र गाविसमा समेत कामको चाप निकै बढेको अवस्थामा नागरिक मञ्चहरुले 'एक गाविस एक सचिव'का लागि जिल्लाका सम्बन्धित निकायहरुमा पैरवी गर्दैआएका छन् । स्थलगत अनुगमनबाट कार्यक्रमको ढाँचामा केही सुधार गर्नुपर्ने देखिएको छ, यस सम्बन्धी सुझाव LGAF सचिवालयलाई दिइसकिएको छ ।



*उच्च तथा न्यून आय संकलन गर्ने नगरपालिकाहरु बीच अन्तरक्रिया कार्यक्रम*



*स्थानीय शासन जवाफदेहिता संयन्त्र अनुगमन अर्न्तगत रोल्पा जिल्लामा*



*स्थानीय शासन जवाफदेहिता संयन्त्र अनुगमन अन्तर्गत म्याग्दी जिल्लामा स्थानीय निकायसँग अन्तरक्रिया गर्दै*

### सिटिनेट राष्ट्रिय च्याप्टर नेपाल (CITYNET National Chapter Nepal)

नेपाल नगरपालिका संघले सन् २००१ देखि एसिया-प्यासिफिक क्षेत्रमा मानवीय बसोबासको क्षेत्रमा काम गर्दै आएको क्षेत्रिय संजाल सिटिनेटको राष्ट्रिय च्याप्टरलाई आतिथ्यता प्रदान गरिरहेको छ । च्याप्टरमा नेपालबाट ३६ सदस्य रहेका छन् । च्याप्टरका उद्देश्यहरुमा नगर विकासको क्षेत्रमा छलफलको लागि नियमित बैठक गर्नु, शहरी पूर्वाधार सुधारका लागि साना अनुदान उपलब्ध गराउनु र अन्तर्राष्ट्रिय अनुभव आदानप्रदानका लागि अध्ययन भ्रमणको अवसर प्रदान गर्नु समेत रहेका छन् ।

सिटिनेटले सन् २०१० देखि अनुकरणीय नमुना परियोजना कार्यान्वयन गर्न अमेरिकी डलर ५००० सम्म अनुदान सहयोग प्रदान गर्दै आएको छ । यसले नेपालका विशेषतः साना नगरपालिकाहरुलाई फाइदा पुगेको छ । यस्तै सिटिनेटले उपलब्ध गराउने अध्ययन भ्रमणले नगरपालिकाका प्रतिनिधि र संघका सचिवालय सदस्यहरुलाई अन्तर्राष्ट्रिय स्तरमा भईरहेको शहरी व्यवस्थापनका प्रयासहरुका बारेमा व्यवहारिक रुपमा सिक्न सघाउ पुगेको छ । यसैले सिटिनेटको नेपाल च्याप्टर शहरी विकासको क्षेत्रमा महत्वपूर्ण संजालको रुपमा परिचित हुनुको साथै सदस्य संस्थाहरुले यसको उच्चमूल्यांकन गर्दै आएका छन् ।

आर्थिक वर्ष २०७२/०७३ मा नेपाल च्याप्टरले निम्न कार्यहरु सम्पादन गरेका छन् :

- सिटिनेट नेपाल च्याप्टरको कार्यसम्पादन समितिको बैठक
- ललितपुर र काठमाडौंका भूकम्प प्रभावित क्षेत्रहरुको प्राविधिक मूल्यांकन
- भूकम्प प्रभावित नगरपालिकाहरुलाई विद्युत ब्याकअप उपकरण प्रदान
- काठमाडौं, ललितपुर र भक्तपुरका शिक्षकशिक्षिकाहरुका लागि विपद् जोखिम न्यूनीकरण शिक्षा र सचेतना पूर्वतयारी तालिम प्रदान
- विपद् जोखिम न्यूनीकरण शिक्षा र सचेतना वृत्तचित्र उत्पादन
- गोरखा नगरपालिकाको छेपेटार स्वास्थ्य चौकीमा शौचालयको निर्माण

## प्रक्रिया अघि बढेका तथा भावी कार्यक्रमहरु

- जिआइजेड, डिफिड, युनिसेफ, दि एसिया फाउन्डेसन, सिटिनेन, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालयसँगको सहकार्य र समन्वयमा स्मार्ट सिटी, विपद् समानुकुलित शहर, वातावरणमैत्री स्थानीय शासन, बालमैत्री स्थानीय शासन, बालमैत्री शहर, स्थानीय सरकार र स्थानीय निकाय पुनःसंरचना, स्थानीय जवाफदेहिताका क्षेत्रमा काम गर्ने ।
- स्थानीय तह पुनःसंरचना, जिम्मेवारी र वित्तीय विकेन्द्रिकरणका विषयमा अन्तर्क्रिया गर्ने ।
- नवगठिन नगरपालिकाहरुको विकासमा सघाउन आवश्यकता पहिचान अध्ययन गर्ने ।
- नगरपालिकाहरुलाई विपद् न्यूनीकरण पूर्वतयारी योजना तयार गर्न स्व-मूल्यांकन र योजना-तर्जुमामा सहयोग गर्ने ।
- नगरपालिकाहरुलाई आन्तरिक राजश्व वृद्धि र न्यूनतम शर्त तथा कार्यसम्पादन मूल्यांकनमा कार्यसम्पादनमा सुधारमा सघाउने ।
- नगरपालिकाहरुलाई सूचना, सञ्चार र प्रविधि सहयोग प्रदान गरी उनीहरुको सूचना प्रविधि क्षमतामा सुधार ल्याउँदै न्यूनतम शर्त र कार्यसम्पादन मूल्यांकनमा सुधारद्वारा सरकारबाट पाउने अनुदान बढाउन सहयोग गर्ने ।
- नगरपालिकाहरु बीचको अनुभव आदानप्रदान गर्न क्षेत्रिय सिकाई केन्द्रहरुको सेवासुविधामा सुधार ल्याउने ।
- नेपालका लागि उपयुक्त नगरपालिका कर प्रणाली विषयमा अध्ययन अनुसन्धान गर्ने ।
- LOGIN नेपाल राष्ट्रिय च्याप्टर मार्फत नगरपालिकाहरु बीच दोहोरो सिकाई प्रवर्द्धन गर्ने ।
- केही नयाँ र पुराना नगरपालिकाहरुको क्षमता विकासका लागि उपयुक्त कार्यक्रम तर्जुमा गर्ने ।

## निश्कर्ष

आर्थिक वर्ष २०७२/७३ राजनीतिक र प्राकृतिक कारणले पनि कार्यक्रम कार्यान्वयको दृष्टिले निकै चुनौति पूर्ण रह्यो । एकातिर महाभकूम्प अनि अर्कोतिर मधेस आन्दोलनले बन्द तथा भारतीय सीमा अवरोध । यति हुँदाहुँदै पनि नेपाल नगरपालिका संघले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्य विकास साझेदारहरुसँगको सहकार्य र सहयोगमा वार्षिक योजना अनुरुपमा प्रायः सबै कार्यक्रमहरु सफलतापूर्वक कार्यान्वयन गर्न सफल भएको छ । नयाँ संविधान जारी भएको र संविधानले स्थानीय सरकारहरुलाई उल्लेख्य शासकीय तथा व्यवस्थापकीय शक्ति तथा जिम्मेवारी प्रदान गरेकोले विशेषगरी नयाँ नगरपालिकाहरुलाई सहयोग गर्नुपर्ने जिम्मेवारी संघलाई आएको छ । संघले आफ्नो दीर्घकालीन रणनीति अनुरुप नै सदस्य नगरपालिकाहरुबाट गुणस्तरीय सेवा प्रवाह गर्न, नगरवासीहरुलाई कर तिर्न प्रोत्साहित गर्न र निर्णय प्रक्रियामा नगरवासीको सहभागिताका लागि सहयोग पुऱ्याउन प्रतिवद्ध रहँदै आएको छ ।

**Municipal Association of Nepal**
**Dillibazar, Kathmandu**

**BALANCE SHEET**
**As at 31 Asadh, 2073**

| | SCHEDULE | Current Year 2072 - 73 Amount ( NPR) | Previous Year 2071 - 72 Amount ( NPR) |
|---|---|---|---|
| **I. Fund Balance and Liabilities :** | | | |
| **Fund Balance** | | | |
| Opening Fund Balance | | 29,390,575 | 29,097,762 |
| Surplus/(Deficit)of Income Over Expenditure | | (2,832,417) | (3,237,187) |
| Program Advance Received | 5 | 223,383 | 3,530,000 |
| | | **26,781,541** | **29,390,575** |
| **Current Liabilities** | 3 | 365,500 | 384,662 |
| **TOTAL** | | **27,147,041** | **29,775,237** |
| **II. APPLICATION OF FUNDS** | | | |
| **Current Assets and Advances :** | | | |
| Cash & Bank Balances | 1 | 18,210,564 | 13,229,512 |
| Advances | 2 | 82,000 | 151,000 |
| Receivables from donors | 4 | 300,000 | 7,764,004 |
| | | **18,592,564** | **21,144,516** |
| **Fixed Assets :** | | | |
| Gross Block | | 8,719,038 | 8,810,277 |
| **Less:** Accumulated Depreciation | | 164,561 | 179,556 |
| | | **8,554,477** | **8,630,721** |
| **TOTAL** | | **27,147,041** | **29,775,237** |

**Explanatory Notes to Accounts** **7**

Note: Schedule 1 to 5 and 7 form integral part of Balance Sheet.